# पशु सेवा विभागको सरुवा मापदण्ड, २०७२

निजामती सेवा ऐन २०४९ को दफा १८ तथा निजामती सेवा नियमावली २०५० को नियम ३६ बमोजिम यस विभाग र अन्तर्गतका रा.प.तृतीय श्रेणी सम्मका कर्मचारीहरुको सरुवा गर्ने जिम्मेवारी बिभागलाई रहेको सन्दर्भमा ऐन तथा नियमाबलीमा उल्लेख भएका प्राबधानका अतिरिक्त सामान्य प्रशासन मन्त्रालयको सरुवा मापदण्ड सम्बन्धी मार्गदर्शन, कृषि विकास मन्त्रालयको निर्देशन समेतलाई मध्यनजर गरी निजामती सेवा नियमावली २०५० को नियम ३६ को उपनियम (१५) र (१६) बमोजिम देहायको मापदण्ड निर्धारण गरी सम्बन्धित सबैको जानकारीका लागि बिभागको सूचना पाटी एवम् बिभागको वेब साईट मार्फत सार्बजनिक गरिएको छ ।

**सरुवाको आधार :**

(१) ऐन र नियमावलीमा व्यवस्था गरिएका सरुवा सम्बन्धी प्रावधानहरु नै विभाग र क्षेत्रीय निर्देशनालयवाट सरुवा गर्दा का मूल आधार हुनेछन् ।

(२) शुरु पदस्थापन हुने र तीन महिना भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पुरा गरी फर्केका कर्मचारीहरुलाई दुर्गम स्थानका सेवा प्रवाह गर्ने कार्यालयमा पदस्थापन/सरुवा गर्ने ।

(३) सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयहरुमा पद रिक्त नहुने गरी सरुवा गर्ने ।

(४) सामान्यतया कुनै पनि कर्मचारीलाई कुनै पनि भौगोलिक क्षेत्रमा न्यूनतम तोकिएको अवधि पुरा नभई सरुवा नगर्ने ।

(५) "क" बर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेको कर्मचारीलाई रिक्त पद मिलेसम्म मागेको ठाउँमा सरुवा गर्न प्राथमिकता दिने ।

(६) "ख" बर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेको कर्मचारीलाई मागेको ठाउँमा यथासम्भव सरुवा गर्न प्राथमिकता दिने ।

(७) कुनै पनि कर्मचारीलाई सामान्यतया ५ बर्ष भन्दा बढी अबधि एउटै कार्यालयमा नराख्ने ।

(८) केन्द्रीयस्तरबाट प्रत्यक्ष जनसम्पर्कमा रही सेवा प्रवाह गर्ने निकाय र सेवा प्रवाह गर्ने निकायबाट केन्द्रीय स्तरमा आलोपालो सरुवा गर्ने ।

(९) कुनै कार्यालयमा यसअघि न्यूनतम अवधि पूरा गरिसकेको कर्मचारीलाई सोही पदमा सामान्यतया: दोहोर्‍याएर सरुवा नगर्ने ।

(१०) राम्रो कार्यसम्पादन गर्ने, सदाचारी तथा अनुशासित कर्मचारीलाई मागेको ठाउँमा सरुवा हुने गरी प्राथमिकता दिने । पुरस्कृत गर्नु पर्नेलाई दण्डित भएको महसुस हुने गरी र तोकिएको जिम्मेबारी इमान्दारीपूर्वक वहन नगर्नेलाई प्रोत्साहित हुने गरी सरुवा नगर्ने ।

(११) विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही टुंगो नलागेसम्म पुरस्कृत भएको महसुस हुने गरी अन्यत्र सरुवा नगर्ने/त्यस्ता कर्मचारीले सम्पादन गरी आएको कार्य अन्य कर्मचारीबाट गराउने व्यबस्था मिलाउने ।

(१२) भेटेरिनरी सेवाको नियमन र प्रमाणिकरणलाई सहजीकरण गर्ने र ग्रामिण स्तर सम्म सेवा प्रबाहलाई प्रभाबकारी बनाउने गरी अधिकृत स्तरका कर्मचारीहरुको सरुवा गर्ने ।

(१३) सामान्यतया एउटै कार्यालयमा लामो अबधि बसेका कर्मचारीहरु मध्येबाट सवै भन्दा बढी अवधि भएकालाई पहिले सरुवा गर्ने । तर कार्यालयमा सवैभन्दा बढी अवधि कार्यरत कर्मचारीलाई नियमावलीमा उल्लेख भए बमोजिमको कडा रोग लागेको भन्ने प्रमाण पेश गरेमा तथा क र ख बर्गको अपाङ्गता भएका कर्मचारीहरुको हकमा त्यस्तो कर्मचारीको संरक्षण गर्न सरुवा गरिने छैन् ।

(१४) राजपत्र अनंकित श्रेणीमा कार्यरत कर्मचारीको सरुवा गर्दा रिक्त पद मिलेसम्म पति पत्नी दुवैलाई एउटै जिल्लामा मिलाउने व्यवस्था गर्ने ।

(१५) कुनै कार्यालयमा कार्यरत तोकिएको जिम्मेवारी पूरा नगर्ने वा कार्यालयको काममा समस्या सिर्जना गर्ने कार्यालय प्रमुख वा कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखको सिफारिसमा स्थलगत छानविन समेत गरी, अभिलेख राखी कुनै पनि समयमा अन्यत्र सरुवा गर्ने व्यवस्था मिलाउने ।

**(१६)** कुनै कर्मचारी कार्यरत स्थानमा उपचार हुन नसक्ने भनी मेडिकल वोर्डले सिफारिस गरेमा त्यस्ता कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा १८ (४) को प्रतिवन्धात्मक वाक्यांश तथा उपदफा (७) को प्रतिकुल नहुने गरी मागेको निकायमा सम्भव भएसम्म सरुवा गर्ने,

**(१७)** भूकम्पबाट अति प्रभावित जिल्लाहरुका कार्यालयमा रिक्त रहेका पदहरु पूर्ति गर्ने गरी सरुवामा प्राथमिकता दिने,

**(१८)** भूकम्पमा परी घाईते भएका, अङ्ग भङ्ग भएका, गर्भवती र सुत्केरी कर्मचारीलाई निजको इच्छा विपरीत अन्यत्र सरुवा नगर्ने सो सम्वन्धमा घाईते वा अङ्ग भङ्ग भनी सम्वन्धित जिल्ला प्रशासन कार्यालय र गर्भवती सुत्केरी भनी मान्यता प्राप्त अस्पतालबाट प्रमाणित गरिएको कागजात पेश गर्नुपर्ने र

**(१९)** एउटै निकायमा एक भन्दा बढी कर्मचारीको सरुवाको लागि निवदेन प्राप्त भएको अवस्थामा यस अघि उक्त निकाय अन्तर्गत कार्य नगरेको कर्मचारी मध्येबाट दूर्गम क्षेत्रमा काम गरेको र हालको पद तथा कार्यालयमा कार्यरत अवधि समेतलाई आधार मानी दूर्गममा काम गर्ने र एउटै पदमा बढी अवधि काम गरेकालाई प्राथमिकता दिने गरी सरुवा गरिनेछ ।